# गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह (एम.एड.)
दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको
शोधकार्य (एड. ५९८) को आंशिक आवश्यकता
परिपूर्तिका लागि तयार पारिएको

## शोधपत्र

शोधकर्ता
गंगाप्रसाद धमला
एम.एड. दोस्रो वर्ष
क्याम्पस क्रमाङ्क : २५०/२०६४/०६५
परीक्षा रोल नं. : २१८००४४/६६
त्रि.वि.वि.दर्ता नं. : ३०५५९-८८

शैक्षिक योजना तथा व्यवस्थापन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

वि.सं. २०७३/सन् २०१७

गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयन
गंगाप्रसाद धमला
२०७३

# गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह (एम.एड.)
दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको
शोधकार्य (एड. ५९८) को आंशिक आवश्यकता
परिपूर्तिका लागि तयार पारिएको

## शोधपत्र


शोधकर्ता
गंगाप्रसाद धमला
एम.एड. दोस्रो वर्ष
क्याम्पस क्रमाङ्क : २५०/२०६४/०६५
परीक्षा रोल नं. : २१८००४४/६६
त्रि.वि.वि.दर्ता नं. : ३०५५९-८८



शैक्षिक योजना तथा व्यवस्थापन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
वि.सं. २०७३/सन् २०१७

# गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह (एम.एड.)
दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको
शोधकार्य (एड. ५९८) को आंशिक आवश्यकता
परिपूर्तिका लागि तयार पारिएको

## शोधपत्र


शोधकर्ता
गंगाप्रसाद धमला
एम.एड. दोस्रो वर्ष
क्याम्पस क्रमाङ्क : २५०/२०६४/०६५
परीक्षा रोल नं. : २१८००४४/६६
त्रि.वि.वि.दर्ता नं. : ३०५५९-८८



शैक्षिक योजना तथा व्यवस्थापन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

वि.सं. २०७३/सन् २०१७


शोधपत्र बुझाएको मितिः
२०७३।१२।१६
(२९ मार्च २०१७)

शोधपत्र भाइभा मितिः
२०७३।१२।२४
(६ अप्रिल २०१७)

# प्रतिबद्धता पत्र

**गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयन** शीर्षकमा लेखिएको यस शोधपत्रमा तीनवटा गाउँ विकास समितिलाई लिइएको छ । शोधपत्रलाई बढीभन्दा बढी विश्वसनीय र भरपर्दो पार्न भरमग्दुर प्रयास गरिएको छ । त्यसैले यसमा प्रस्तुत गरिएका तथ्य र तथ्याङ्कहरू वास्तविक छन् । यहाँ कुनै नक्कल गरिएको छैन ।

यस शोधपत्रमा उल्लेख गरिएको कुनै शब्द, वाक्य, वाक्यांश वा तथ्याङ्कले उक्त गाउँ विकास समितिको मान हानी हुने गरी गोपनियता भङ्ग हुने गरी प्रस्तुत गरिएको छैन । तथापि शोध लेखनको क्रममा विभिन्न तथ्याङ्क, कारण, कमजोरी तथा सुधारहरू पेश गर्नु नै पर्ने हुन्छ । यसबाट उक्त गाउँ, उक्त समाज तथा सम्बन्धित गा.वि.स. सचिव, गा.वि.स. अध्यक्ष तथा सरोकारवालाहरूमा पर्न जाने प्रभावप्रति शोधलेखनकर्ताको हैसियतले क्षमा चाहन्छु र यसले कसैलाई पनि नकारात्मक असर नपर्ने प्रतिबद्धता यही पत्रमार्फत् व्यक्त गर्न चाहन्छु ।

गंगा धमला

☎०२५ - ५८१३००
५८००६४

# जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी
स्थापित : २०४५
(त्रिभुवन विश्वविद्यालय र उ. मा. शि. परिषदबाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय

ख

प.सं.
च.नं.

मिति २०७३।१२।१६

## सिफारिस–पत्र

उपर्युक्त सम्बन्धमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस, इटहरी सुनसरीका एम.एड. द्वितीय वर्षका छात्र **गंगाप्रसाद धमला**ले शैक्षिक योजना तथा व्यवस्थापन विशिष्टिकरण विषयको आवश्यकता परिपूर्तिका लागि तयार गर्नुभएको **गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयन** शीर्षकको शोधपत्रबाट म सन्तुष्ट भएकाले निजको यो शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०७३।१२।१६
सन्: २९ मार्च २०१७)

-------------------------

**विमल नेपाल**
**शोध निर्देशक**

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्न **गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयन** शीर्षकको शोधपत्र प्रस्तुत गरिएको छ। प्रस्तुत अध्ययनका लागि शोध प्रस्ताव लेखन र प्रस्तुतीकरणदेखि शोधपत्रको अन्तिम रूप तयारीसम्म सल्लाह, सुझाव, परामर्श र मार्गनिर्देशन प्रदान गर्दै अमूल्य सहयोग प्रदान गर्नुहुने आदरणीय गुरु एवं शोध निर्देशक श्री विमल नेपालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। अनुसन्धानका लागि उचित वातावरण तयार गरी शोध लेखनमा उत्प्रेरित गर्नु हुने श्री जनता बहुमुखी क्याम्पस इटहरीका शिक्षा विभाग प्रमुख टोलनाथ काफ्लेप्रति हृदयदेखि नै आभारी रहेको छु।

यस शोधकार्यका लागि अनुसन्धानमूलक सूचना, तथ्याङ्क, विचार र धारणा उपलब्ध गराई शोधलेखन कार्यलाई सहज वातावरण बनाई सहयोग पुऱ्याउनु हुने, नमुना छनौटमा परेका गाउँ विकास समितिका अध्यक्ष, सचिव, कर्मचारी तथा स्थानीय जनताप्रति धन्यवाद व्यक्त गर्न चाहन्छु।

शोध लेखन कार्यलाई पारिवारिक वातावरण सृजना गर्दै बारम्बार हौसला र उत्प्रेरणा प्रदान गरदिनु हुने आफ्नै जीवनसङ्गिनी तथा छोराछोरी, नातिनातिनीप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। साथै शोध लेखन कार्यलाई पूर्णता प्रदान गरुन्जेलसम्म मलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने सम्पूर्ण मित्रजनहरूप्रति हार्दिक कृतज्ञ छु।

शोध कार्यको हाते लेखनलाई सुसाङ्ख्यमा टङ्कन, छपाई, प्रुफ तथा बाइण्डिङ कार्यमा सहयोग गरी शोध पुस्तक तयार गरिदिनु हुने सौजन्य डेस्कटप बिर्तामोड-१, अतिथि सदन लाइन बुद्धचौककी मैया बरालप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

२०७३।१२।०१

१४ मार्च २०१७

शोधकर्ता

## शोधसार

*प्रस्तुत शोधपत्रको शीर्षक **गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वियन** रहेको छ । यस अध्ययनको मुख्य उद्देश्यको रूपमा गाउँ शिक्षा योजना निर्माण र कार्यान्वियनको अवस्था पहिचान गरेर योजना कार्यान्वियनमा देखापरेका समस्याहरू पत्ता लगाई कार्यान्वियन प्रक्रियालाई प्रभावकारी बनाउने उपायहरूको खोजी गर्नु रहेको छ ।*

*प्रस्तुत शोध अध्ययनका लागि मोरङ जिल्लाका ६५ वटा गाउँ विकास समितिहरूमध्ये कटहरी गाउँ विकास समिति, अमरदह गाउँ विकास समिति र लेटाङ गाउँ विकास समितिका सचिवहरू, भूतपूर्व गा.वि.स. अध्यक्षहरू, गा.वि.स. अन्तर्गतका सामुदायिक विद्यालयका प्रधानाध्यापक र शिक्षासँग सरोकार राख्ने सरोकारवाला महानुभावहरूलाई नमुना जनसंख्याको रूपमा छनोट गरिएको छ । नमुना जनसंख्याको रूपमा छनोट भएका व्यक्तिहरूसँग बन्द तथा खुल्ला प्रश्नावली भराई अन्तर्वार्ताको माध्यमबाट आएका प्रतिक्रियाका आधारमा अध्ययनलाई सार्थक बनाउन नमुना छनोट, आकार छनोट गर्दा सम्भावनायुक्त र उद्देश्यमूलक नमुना छनोट विधि अपनाइएको छ । प्राप्त तथ्याङ्कलाई गुणात्मक र परिमाणात्मक दुवै तरिकाले व्याख्या गरिएको छ ।*

*यस शोधपत्रको अध्ययनले देखाएअनुसार गा.वि.स. स्तरमा निर्माण गरिएका गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वियनको अवस्था योजनाको उद्देश्य अनुरूप आशातीत रूपमा नतिजामा पुग्न सफल हुन नसकेको, स्थानीय निकाय, विद्यालय र समुदायका बीचमा योजना निर्माणदेखि कार्यान्वियन तहसम्म पुग्दा आपसी समन्वय र तालमेल नभएको, सरोकारवाला सेवाग्राहीहरूको चेतनास्तर, अशिक्षा, गरिबी, अन्धविश्वास र परम्परावादी सोचका कारण उनीहरूलाई सशक्तिकरणद्वारा क्षमता अभिवृद्धि गराउन नसकिएको हुँदा योजनाप्रति जिम्मेवारी र स्वामित्वको भावना विकास नभएको पाइयो । त्यससँगै स्थानीय निकाय लामो समयदेखि जनप्रतिनिधिविहीन हुँदा कर्मचारीको भरमा चलाउनुपर्ने, कर्मचारीको प्रशासनिक कार्य बोझका कारणले गर्दा समयमा आवश्यकता पहिचान गरेर योजना निर्माण गरी लागू गर्न कठिनाइ भएको देखिन्छ । प्रस्तुत योजनामा बजेट विनियोजन गर्दा पाँच वर्षभित्रमा कतिकति बजेट खर्च गर्ने भनेर नछुट्याइ एकमुष्ठ बजेट छुट्याइएको छ । जसले गर्दा योजनामा राखिएका कार्यक्रमहरू कुनकुन वर्ष कतिकति गर्ने भनी नछुट्याइएकाले समाविष्ट भएका कार्यक्रमहरू समयसीमाभित्र कार्यान्वियन हुन नसकेको*

देखिन्छ। कार्यक्रमका लागि विनियोजित बजेट रकम ठूलो भएकाले ती कार्यक्रम कार्यान्वयन गर्न गा.वि.स.सँग बजेट अभाव भएको देखिन्छ। स्थानीय स्तरका संघसंस्था तथा अन्य सरोकारवाला व्यक्तिहरूको योजनामा सक्रिय सहभागिताका लागि समन्वयको कमी देखिन्छ।

त्यसैगरी गाउँ योजना निर्माण गरी कार्यान्वयन गर्दा यायेजनाले सामना गर्नु परेको समस्या तथा कठिनाइहरूलाई प्रभावकारी ढङ्गले समाधान गर्न योजनाले अपनाएका उपायहरू पर्याप्त नदेखिएकाले शोध अध्ययनले सुझाएका सुझावहरू यस प्रकार छन् :

- योजना तर्जुमा गर्नुपूर्व नै सेवाक्षेत्रभित्रका आवश्यकता र समस्याहरूको वस्तुगत ढङ्गले पहिचान गर्नुपर्ने र स्थानीय सरोकारवालाहरूलाई योजनाको आवश्यकता पहिचान, तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सरिक गराउनुपर्ने।

- योजनालाई सफल कार्यान्वयन गर्न गराउन आर्थिक र प्राविधिक सहयोग सल्लाह भरपर्दो र स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने खालको हुनुपर्ने साथै निर्माण र कार्यान्वयनको तहमा रहेको योजनाको जिम्मेवारी, निर्णय क्षमता, सान्दर्भिकता, अपनत्वको भाव जागरणका लागि जनशसक्तिकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। सरोकारवालाहरूको चेतना स्तर उकासेर जनसहभागिता सुनिश्चित गर्न विभिन्न प्रकारका शिक्षामूलक, सीपमूलक कार्यक्रमहरू समावेशी आधारमा सञ्चालनमा ल्याउनुपर्ने देखिन्छ। विद्यालयहरूमा बालमैत्री सिकाइ वातावरणमा निर्माणमा सहयोग पुऱ्याउन विद्यालय व्यवस्थापन समितिलाई नेतृत्व विकास, प्र.अ.लाई तथा शिक्षकलाई व्यवस्थापकीय र पेशागत सीप अभिवृद्धि र आवश्यकताअनुसार तालिम दिनुपर्ने। त्यसैगरी स्थानीयस्तरका शिक्षासँग सरोकार राख्ने संघसंस्थाहरूबीच गाउँ विकास समितिले शैक्षिक सञ्जाल निर्माण गरी समन्वयात्मक तबरले योजना निर्माण गरी कार्यान्वयन तथा अनुगमनको तहसम्म सक्रिय सहभागिताको आवश्यकता देखिन्छ।

# विषयसूची


| **शीर्षक** | **पृष्ठ** |
|---|---|
| प्रतिबद्धतापत्र | क |
| सिफारिस पत्र | ख |
| स्वीकृति पत्र | ग |
| कृतज्ञताज्ञापन | घ |
| शोधसार | ङ |
| विषयसूची | छ |
| **परिच्छेद एक : परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ५ |
| १.४ अध्ययनको उद्देश्य | ६ |
| १.५ अनुसन्धान प्रश्न | ६ |
| १.६ अध्ययनको परिसीमा | ६ |
| १.७ मुख्य शब्दावलीको परिभाषा | ७ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ८ |
| २.२ सैद्धान्तिक खाका | १० |
| २.३ पुनरावलोकनको उपादेयता | ११ |
| २.४ अवधारणात्मक खाका | १२ |
| **परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया** | |
| ३.१ अनुसन्धान ढाँचा | १४ |
| ३.२ जनसङ्ख्या र नमुना | १४ |
| ३.३ तथ्याङ्क सङ्कलनका साधन र विधि | १५ |
| ३.४ तथ्याङ्कको स्रोत | १५ |
| ३.४.१ प्राथमिक स्रोत | १५ |
| ३.४.२ द्वितीय स्रोत | १६ |
| ३.५ तथ्याङ्क सङ्कलन विधि | १६ |
| ३.६ तथ्याङ्क विश्लेषण विधि | १६ |

## परिच्छेद चार : नतिजाको छलफल


४.१ गाउँ शिक्षा योजना निर्माणको अवस्था १७
४.१.१ कटहरी गा.वि.स.मा गाउँ शिक्षा योजनाको अवस्था १७
४.१.२ अमरदह गा.वि.स.मा गाउँ शिक्षा योजनाको अवस्था २१
४.१.३ लेटाङ गा.वि.स.मा गाउँ शिक्षा योजनाको अवस्था २४
४.२ गाउँ शिक्षा योजना कार्यान्वयनको अवस्था २९
४.२.१ कटहरी गा.वि.स.मा गाउँ शिक्षा योजना (२०६७-२०७१) २९
४.२.२ अमरदह गा.वि.स.मा गाउँ शिक्षा योजना (२०६७-२०७१) ३१
४.२.३ लेटाङ गा.वि.स.मा गाउँ शिक्षा योजना (२०६७-२०७१) ३३
४.२.४ गाउँ शिक्षा योजनाका लागि विनियोजन बजेटको तुलनात्मक विश्लेषण ३५
४.२.५ कार्यान्वयन हुन नसकेका योजनाहरू ३७
४.३ गाउँ शिक्षा योजना कार्यान्वयनमा देखिएका समस्याहरू ३८
४.३.१ समन्वयको कमी ३८
४.३.२ बजेट अभाव ३९
४.३.३ प्राविधिक जनशक्तिको कमी ३९
४.३.४ स्रोत साधनको सङ्कलन र परिचालन ३९
४.३.५ योजनामा अपनत्वको कमी ३९
४.४ गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउने उपायहरू ३९
४.४.१ सुदृढ व्यवस्थापन ४०
४.४.२ सरोकारवालाहरूको सहभागितामा वृद्धि ४१
४.४.३ आवश्यकताको पहिचान ४१
४.४.४ समन्वय ४२
४.४.५ बजेट वृद्धि ४३
४.४.६ प्राविधिक जनशक्तिको व्यवस्था ४४
४.४.७ सामुदायिक जनचेतनाको विकास ४५


## परिच्छेद पाँच : निष्कर्ष र सुझाव


५.१ निष्कर्ष ४८
५.२ सुझावहरू ४८
५.२.१ नीतिगत तहका सुझावहरू ४९
५.२.२ अभ्यास तहका सुझावहरू ४९
५.२.३ अनुसन्धान तहका सुझावहरू ५०
सन्दर्भ सामग्रीहरू
अनुसूचीहरू